संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति – २०६५ साउन १५**

## पर्सा जिल्लाका सञ्चारमाध्यमविरुद्ध धम्की दिने कार्य बन्द गर्न उच्चायुक्तको कार्यालय–नेपालद्वारा आह्वान

**काठमाडौं** – पर्सा जिल्लाको वीरगन्जका पत्रकार तथा पत्रिका वितरकहरूविरुद्ध मधेशी जनअधिकार फोरम (फोरम) का कार्यकर्ताहरूद्वारा विगत दुई दिनमा गरिएका कारबाहीप्रति उच्चायुक्तको कार्यालय–नेपालको मध्यमाञ्चल क्षेत्रीय कार्यालय चिन्तित छ।

फोरमका कार्यकर्ताहरूले पत्रपत्रिकाको वितरण कार्यमा हस्तक्षेप गरेका छन् र फोरमसँग सम्बन्धित विविध घटना कम सम्प्रेषण गरेको आरोप लगाउँदै अन्नपूर्ण पोष्ट, द हिमालयन टाइम्स र कान्तिपुर दैनिकका पत्रकार तथा वितरक दुवैलाई धम्की दिएका छन्।

सञ्चारमाध्यमका समाचार स्वच्छ र निष्पक्ष हुनुपर्ने भए तापनि कुन र कसरी समाचार सम्प्रेषण गर्ने भन्ने निर्णय सञ्चारगृहकै मात्र हुनुपर्छ। त्यसैले, उच्चायुक्तको कार्यालय सञ्चारमाध्यममा आएका कुराहरूको कानुनसम्मत ढङ्गले प्रतिक्रिया दिन फोरमलाई आग्रह गर्दछ र सम्प्रेषण गर्ने विषयवस्तुहरूबारे सम्बन्धित सञ्चारमाध्यमहरूसँग छलफलका लागि पहल गर्न प्रोत्साहन गर्दछ।

उच्चायुक्तको कार्यालय वीरगन्जका पत्रकार तथा पत्रिका वितरकहरूको सुरक्षा सुनिश्चित गर्ने जरुरी उपाय अवलम्बन गर्न जिल्ला प्रशासन तथा नेपाल प्रहरीलाई पनि आग्रह गर्दछ।

> “निर्बाध तथा स्वतन्त्र पत्रकारिता क्षेत्र कुनै पनि लोकतान्त्रिक समाजको कोणेढुङ्गा हो र सञ्चारमाध्यमले कसरी र कुन कुरालाई समाचारका रूपमा सम्प्रेषण गर्ने भन्ने कुरालाई प्रभाव पार्ने प्रयास गर्न सबै दल तथा व्यक्तिहरूले कानुनसम्मत तरिकाहरू मात्र अवलम्बन गर्न अपरिहार्य छ,” उच्चायुक्तको कार्यालयको मध्यमाञ्चल क्षेत्रीय कार्यालयका प्रमुख योहान ओल्हागेनले भन्नुभयो।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or [mlogan@ohchr.org](mailto:mlogan@ohchr.org)**



60 UNIVERSAL DECLARATION OF HUMAN RIGHTS